दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३३२ | बुटवल | २०८२ मंसिर २६ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday December 12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# जेन जी आन्दोलनमा ८४ अर्ब ४५ करोडको क्षति



**लुम्बिनी संवाददाता**

*बुटवल*

सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फकुवा, भ्रष्टाचार नियन्त्रण र परिवारवाद (नेपो किड) विरुद्ध २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा सरकारी तथा निजी क्षेत्रमा गरी कुल ८४ अर्ब ४५ करोड रुपैयाँ बराबर क्षति भएको तथ्यांक सार्वजनिक भएको छ।

राष्ट्रिय योजना आयोगले बिहीबारको मन्त्रिपरिषद् बैठकमा जेनजी आन्दोलनको क्षति विवरण प्रस्तुत गरेको छ। विवरणअनुसार सरकारी/सार्वजनिक क्षेत्रमा ४४ अर्ब ९३ करोड ७३ लाख बराबर क्षति भएको देखिएको छ।

त्यस्तै निजी क्षेत्रतर्फ ३३ अर्ब ५४ करोड ८७ लाख बराबर क्षति भएको सरकारको अध्ययनमा देखिएको हो। बाँकी सामुदायिक क्षेत्रको क्षति भएको योजना आयोगको अध्ययनमा छ।

मन्त्रिपरिषद् बैठकमा आयोगका सचिव रविलाल पन्थले यस्तो विवरण प्रस्तुत गरेका हुन्। सरकारले आयोगको संयोजकत्वमा एक समिति बनाएर अध्ययन र पुनर्निर्माण योजनामा काम गरेको थियो।

समितिले ७५ दिनमा आफ्नो प्रतिवेदन बुझाएको हो। समितिका अनुसार जेनजी आन्दोलनका क्रममा सातै प्रदेशमा क्षति भएको थियो। यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह २६२ रहेका छन्।

प्रतिवेदनअनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी कुल ७७ जनाको ज्यान गएको छ।

२ हजार ४२९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन्। १३ देखि २८ वर्षका १४३३ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ।

समग्र भौतिक क्षति हेर्दा ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको भएको समितिको मूल्यांकन छ। जसमध्ये प्रभावित निकाय/संस्था २१६८ छन्। २६७१ भवनहरुमा क्षति पुगेको छ। जसमा क्षतिको मूल्यांकन ३९ अर्ब ३१ करोड ७५ लाख रुपैयाँ बराबर रहेको छ।१२ हजार ६५९ वटा सवारी साधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ लाख ६१ हजार रुपैयाँ बराबरको नोक्सान हुन पुगेको छ।

» *बाँकी ३ पेजमा*

## एनपीएलः
# विराटनगरलाई हराउँदै लुम्बिनी फाइनलमा



बुटवल । विराटनगर किंग्सलाई पराजित गर्दै लुम्बिनी लायन्स पहिलो पटक सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) को फाइनलमा पुग्न सफल भएको छ। बिहीबार भएको दोस्रो क्वालिफायरमा विराटनगरलाई ४० रनले हराउँदै लुम्बिनीले सुदूरपश्चिम रोयल्ससँगको भेट पक्का गरेको हो।

सुदूरपश्चिमले पहिलो क्वालिफायरमा विराटनगरलाई ७७ रनले हराउँदै लगातार दोस्रो पटक उपाधि नजिक पुगेको थियो। एनपीएलको उपाधि भिडन्त शनिबार हुनेछ। लगातार दुई क्वालिफायर खेल्दा पनि पराजित भएपछि विराटनगर उपाधि दौडबाट बाहिरिएको हो। लिग चरणमा उत्कृष्ट प्रदर्शन गरेको विराटनगरले क्वालिफायरमा आएर सोही लयलाई निरन्तरता दिन नसक्नु नै हारको मुख्य कारण बन्न पुग्यो।

यता लुम्बिनीले भने एलिमिनेटर खेलमा काठमाडौँ गोर्खाजलाई चार विकेटले पराजित गर्दै दोस्रो क्वालिफायर खेलेको हो। पहिलो सिजन अंक तालिकाको पुछारमा रहेर एनपीएल सकाएको लुम्बिनीले दोस्रो सिजनमा भने उपाधि भिडन्त पक्का गरेको छ। लुम्बिनीले दिएको एक सय ३५ रनको सामान्य लक्ष्य पछ्याएको विराटनगर १७.५ ओभरमा ९४ रन बनाउँदा अलआउट हुन पुग्यो। लुम्बिनीका लागि साम हेजलेटले ३४, मार्चेन्ट डे लाङ्गेले १७ र नरेन भट्टले २१ रन बनाउनु बाहेक अन्यले दोहोरो अंकको स्कोर छुन सकेनन्।

लुम्बिनीविरुद्ध पावर प्लेमा नै तीन विकेट गुमाएर २८ रन बनाएपछि विराटनगर दबाबमा आएको थियो। सुरुवातबाट नै दबाबमा राखेको लुम्बिनीले पहिलो ओभरको पाँचौं बलमा ओपनर मार्टिन गप्टिललाई दुई र अन्तिम बलमा लोकेश बम शून्यमा पेभेलियनको बाटो देखाएको थियो। दोस्रो ओभरको तेस्रो बलमा फाफ डु प्लेसिस तीन रन बनाउँदा शेर मल्लको बलमा बोल्ड आउट भए। त्यस्तै, २८ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३४ रन बनाएका साम हेजलेट जेजे स्मिथको बलमा क्याच आउट हुन पुगे। बसिर अहमद तीन रन बनाउँदा तिलक भण्डारीको बलमा रुवेन ट्रम्पलम्यानको हातबाट क्याच आउट नै भए।

कप्तान सन्दीप लामिछाने तीन रन बनाउँदा अविशेष गौतमको बलमा सन्दीप जोराको हातबाट क्याच आउट नै भए। लुम्बिनीका लागि तिलक भण्डारी तीन विकेट लिए। रुवेन ट्रम्पलम्यान, जेजे स्मिथ र अविशेष गौतमले समान दुई विकेट लिए। शेर मल्लले एक विकेट आफ्नो नाममा गरे।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा विराटनगरले टस जितेर बलिङ रोजेपछि ब्याटिङ गरेको लुम्बिनीले आठ विकेटको क्षतिमा एक सय ३४ रनको योगफल तयार पारेको थियो। लुम्बिनीका लागि ओपनर डार्सी सर्टले बनाएको ४५ रन नै सर्वाधिक रह्यो। उनले ४१ बलमा चार चौका र एक छक्का प्रहार गर्दा सुवास भण्डारीको बलमा मार्टिन गप्टिलको हातबाट क्याच आउट भए।

कप्तान रोहित पौडेलले ३४ रन थपे। ३० बलमा दुई चौका र दुई छक्का प्रहार गरेका रोहित ३४ रन बनाउँदा सुवासकै बलमा बोल्ड आउट हुन पुगे। त्यस्तै, २२ बलमा चार चौकाको सहयोगमा २९ रन बनाएका निरोसन डिकवेल्ला लामो सट खेल्ने धुनमा सन्दीप लामिछानेको बलमा साम हेजलेटको हातबाट क्याच आउट हुन पुगे।

विराटनगरविरुद्ध राम्रो सुरुवात गरेको लुम्बिनीको मध्यक्रम लामो समय क्रिजमा टिक्न नसक्दा विशाल योगफल बनाउन असफल भयो। १३.५ ओभरमा तीन विकेट गुमाएर ९७ रन बनाएको लुम्बिनीले त्यसपछि लगातार विकेट पतन हुँदा विशाल योगफल बनाउन सकेन। लुम्बिनीले १४.५ ओभरपछि १३ बलमा सात रन जोड्दा तीन विकेट गुमाएपछि दबाबमा आएको थियो। ओपनर दिनेश अधिकारी एक रन बनाउँदा सुवास भण्डारीको बलमा साम हेजलेटको हातबाट क्याच आउट भए। सन्दीप जोरा र जेजे स्मिथ शून्य रनमा नै पेभेलियन फर्के। दिलीप नाथ एक रनमा नै पेभेलियन फर्के। शेर मल्ल सात रन बनाउँदा प्रतिशको जिसीको बलमा मार्चेन्टको हातबाट क्याच आउट भए। रुवेन ट्रम्पलम्यान ११ रनमा नटआउट रहे।

विराटनगरका लागि सुवास भण्डारीले तीन विकेट लिए। उनले आफ्नो स्पेलमा १४ रन मात्र दिए। त्यस्तै, प्रतिश जिसीले चार ओभरमा २६ रन दिएर तीन विकेट लिए। सन्दीप लामिछानेले दुई विकेट आफ्नो नाममा गरे। सन्दीपले चार ओभरमा १८ रन दिए।

# नवलपरासी २ को उम्मेदवारमा कंडेल सिफारिश

बुटवल । फागुन २१ मा तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ नवलपरासी पश्चिम क्षेत्र नं. २ मा पूर्व राज्यमन्त्री देवेन्द्रराज कंडेलको नाम एकल सिफारिस भएको छ।

कांग्रेस क्षेत्रीय समिति सभापति माधव पाण्डेले प्रत्यक्षतर्फ कंडेलको नाम सर्वसम्मत सिफारिस भएको जानकारी दिए।

यस्तै समानुपातिकतर्फ विक्रमप्रसाद यादव र सुनिताकुमारी सुवेदी तथा राष्ट्रिय सभा सदस्यमा अर्जुनकुमार पोखरेल र चन्दा चौधरीलाई सिफारिस गरिएको क्षेत्रीय सभापति पाण्डेले जानकारी दिए।

पार्टीभित्र संस्थापन पक्षका कंडेल २०७९ को चुनावमा राप्रपाका ध्रुवबहादुर प्रधानसँग पराजित भएका थिए।

# एमाले सचिवालय बैठक आज

बुटवल । नेकपा एमालेले आज (शुक्रबार) का लागि सचिवालयको बैठक बोलाएको छ। दिउँसो १ बजे बस्नेगरि बोलाइएको बैठकमा विधान संशोधन र महाधिवेशन प्रतिनिधिको मनोनयन मुख्य एजेन्डा रहेका छन्।

एमालेले विधान संशोधन गरेर पदाधिकारी संख्या र केन्द्रीय समितिको आकार बढाउने तयारी गरेको छ। अहिले विधान अनुसार १५ जना पदाधिकारी मात्रै रहने व्यवस्था छ।

अध्यक्ष केपी शर्मा ओलीले आफ्नो समूहबाट पदाधिकारीका आकांक्षी धेरै भएपछि विधान संशोधन गरेर व्यवस्थापन गर्न लागेका हुन्।

यता अध्यक्षमा उम्मेदवारी घोषणा गरेका बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पक्षले विधान संशोधनको प्रस्ताव आएमा एमालेले हटाइसकेको २ कार्यकालको प्रावधान ब्युँताउने पर्ने प्रस्ताव लैजाने तयारी गरेको छ।

गत सोमबार नै सचिवालय बैठक राख्ने तयारीमा रहेका ओली पोखरेलले अवधारणा पत्र बुझाएपछि रोकिएका थिए। पोखरेल पक्षले सचिवालय बैठकमा अवधराणा पत्रको विषयमा पनि कुरा उठाउने भएपछि उनले बैठक ३ दिनलाई 'होल्ड' गरेका थिए।

महाधिवेशनको उद्घाटन शत्रको अघिल्लो दिन मात्रै बैठक बोलाएका हुन्। एमालेको ११ औँ महाधिवेशन आगामी शनिबारदेखि सुरु हुँदै छ।

त्यस्तै बैठकले १०८ जना प्रतिनिधि मनोनयन गनेबारे पनि निर्णय लिने छ।

# भिजिट भिसासेटिङ प्रकरण : लेखक र दुवाडीसहित अनुसन्धानमा



बुटवल। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भिजिट भिसामा सेटिङगरि घुस लिएको आरोपमा पहिलो चरणमा ७ जनाविरुद्ध मात्रै मुद्दा दायर गरे पनि उच्च पदस्थको संलग्नताबारे अनुसन्धान जारी रहेको जनाएको छ।

पहिलो चरणमा तत्कालीन अध्यागमन प्रमुख तिर्थराज भट्टराईसहितलाई प्रतिवादी बनाउँदा गृह मन्त्रालयका कर्मचारी एक जना पनि तानिएका छैनन्। तर तत्कालीन गृहमन्त्री, गृहसचिवसहितको बारेमा थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

अख्तियारले तत्कालीन गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडी, अध्यागमन विभागका महानिर्देशक, तत्कालीन शान्ति सुरक्षा हेर्ने महाशाखाका प्रमुखसँग तीर्थराज भटुटराईको गैरकानुनी रकम लेनदेन भएको हुन सक्ने देखिएको अख्तियारले जनाएको छ।

सेटिङगरि भिजिट भिसामा विदेश पठाउन तत्कालीन गृहमन्त्री, गृहसचिव, अध्यागमन हेर्ने गृह मन्त्रालयका महाशाखा प्रमुख, गृह मन्त्रालयका प्रशासन हेर्ने महाशाखाका प्रमुख, शाखा प्रमुख, गृहमन्त्रीका निजी सचिव, स्वकीय सचिव, गृह सचिवका सचिवालय र अन्य राष्ट्रसेवकहरु संलग्नताको सम्बन्धमा अनुसन्धान भई रहेको अख्तियारले अभियोग पत्रमै उल्लेख गरेको छ।

प्रमुख अध्यागमन अधिकृत तिर्थराज भट्टराईको डायरी तथा नेपाल टेलिकमबाट प्राप्त सीडीआर (कल डिटेल रिपोर्ट) विवरणबाट तत्कालीन गृहमन्त्रीका निजी सचिव बद्रीप्रसाद तिवारी तथा स्वकीय सचिव जनक भट्टसँग अस्वाभाविक सम्पर्क भएको खुल्न आएको अख्तियारको दाबी छ।

भट्टराईविरुद्ध ७९ लाख ८० हजार रुपैयाँ घुस लिएको आरोपमा अख्तियारले बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। यसमा संलग्न ट्राभल्स सञ्चालक र बिचौलियासहित ७ जनालाई प्रतिवादी बनाइएको छ।

अन्य प्रतिवादीहरुमा विमानस्थल अध्यागमनका तत्कालीन अध्यागमन अधिकृत यज्ञराज अर्याल, ग्रिनलाइन होलिडेज प्रालि र उक्त कम्पनीका अध्यक्ष बालकृष्ण खड्का, फेमली होलिडेज ट्राभल्स एण्ड टुर्स प्रालि र उक्त कम्पनीका संस्थापक शेयर सदस्य एवं सञ्चालक दिपक भण्डारी, ग्रिनलाइन होलिडेज प्रालिका तत्कालीन संस्थापक शेयरसदस्य एवं सञ्चालक राम खड्का, कविता पौडेल र खेम सुवेदीलाई प्रतिवादी बनाइएको छ।

सुवेदी र पौडेललाई पनि समान ७९ लाख ८० हजार नै बिगो कायम गरिएको छ। राम खड्कालाई ३० लाख २० हजार, दिपक भण्डारीलाई १० लाख ६० हजार, बालकृष्ण खड्कालाई ३० लाख २० हजार र यज्ञराज अर्याललाई ८ लाख बिगो कायम गरिएको छ।

भट्टराईसमेतले वदनियतपूर्वक सेटिङ्ग गरी भिजिट भिसामा विदेश पठाउँदा घुस लिएको भन्दै अख्तियारमा उजुरी परेको थियो।

तिर्थराज भट्टराई २०८१ असोज २३ गतेदेखि २०८२ जेठ ७ गतेसम्म प्रमुख अध्यागमन अधिकृतको रूपमा कार्यरत थिए। भिजिट भिसा प्रकरणमा रास्वपाले तत्कालीन गृहमन्त्री रमेश लेखकको राजीनामा र छानबिन माग गर्दै महिनौं संसदमा विरोध जनाएपनि सरकारले बहुमतको बलमा माग सुनुवाई गरेको थिएन। भिजिट भिसामा जानेहरुबाट एकै दिन ५० लाखसम्म रकम असुली गरेको सरकारी कर्मचारीले नै भन्ने गरेका थिए।

अनुसन्धानमा भट्टराईले घुसको हिसाबकिताब डायरीमा कोड भाषामा राखेकोसहितका तथ्य भेटिएका छन्। कोड भाषामा महिला र पुरूषको घुसको दर फरक-फरक पाइएको छ।

**यी हुन् अख्तियारले भेटेका मुख्य पाँच बुँदा**

१) प्रणाली बाहिर कागजात : भट्टराईको कार्यकालमा यात्रु प्रस्थान गर्दा पेश गर्नुपर्ने सम्पूर्ण आधारभूत कागजातहरू अध्यागमन प्रणालीमा अपलोड नगरी यात्रुलाई दुःख हैरानी दिएर घुस लिने गरेका थिए।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# एमाले महाधिवेशनका अपेक्षा

मुलुकको ठूलो दल नेकपा एमालेको महाधिवेशन शनिवारबाट सुरु हुँदैछ । महाधिवेशन पुष २९ गतेसम्म चल्ने समय तालिका सार्वजनिक गरिए पनि नेतृत्व चयनको विषय पेचिलो बन्दै जाँदा लम्बिने संकेत देखिएको छ ।

एमालेले विचारको विषय टुंगो लगाउन विधान महाधिवेशन सम्पन्न गरिसकेको छ । मुलतः यो महाधिवेशन नेतृत्व चयनमा केन्द्रित हुनेछ । जेनजी आन्दोलनपछि मुलुकको परिस्थिति बदलिएको र त्यसपछि विकसित राजनैतिक घटनाक्रमको विश्लेषण गर्नुपर्ने भन्दै अध्यक्षको उम्मेदवार घोषणा गरेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अवधारणा पत्र महासचिव शंकर पोखरेललाई बुझाइसकेका छन् । यद्यपी जेनजी आन्दोलनबारे केन्द्रीय कमिटीको बैठकले धारणा बनाइसकेको छ । नेतृत्व चयनको सवाल यसपाली पनि पेचिलो बन्ने देखिन्छ । अध्यक्ष केपी ओली पुनः अध्यक्ष बन्ने चाहना राख्दा पार्टीको ठूलो पंक्तिले स्वागत गरिरहेको अवस्था छ । अर्कोतर्फ जेनजी आन्दोलनपछि परिस्थिति बदलिएको भन्दै नेतृत्व हस्तान्तरण गर्नुपर्ने भन्दै ईश्वर पोखरेलको नेतृत्वमा मोर्चाबन्दी छ । ओली नेतृत्वलाई निरन्तर दिनुपर्छ भन्ने पंक्तिको बहुमत भएकै कारण विधान महाधिवेशनबाट दुई कार्यकालभन्दा बढी अध्यक्ष हुन पाउने गरी विधान संशोधन भइसकेको छ । दुई कार्यकाल अध्यक्ष भइसकेका ओली पुनः अध्यक्ष बन्न विधान महाधिवेशनले बाटो खोलेको छ । ओलीले विगतमा मुलुक र पार्टीको हितका निम्ति जोखिम मोलेर नेतृत्व लिएका कारण उनको नेतृत्व अहिलेको सन्दर्भमा अझै आवश्यक रहेको तर्क पक्षधरको छ । खासगरी प्रदेशको संख्या र नामाङ्कनको सवालमा ओलीकै अडानका कारण थोरै प्रदेश संभव भएको, भारतीय नाकाबन्दीको सामना गर्न दरिलो अडान राखेको र प्रधानमन्त्री भएका बेला लिपुलेक समेतको चुच्चे नक्शा तयार गरी सार्वजनिक गरेकोलगायतका राष्ट्रियताको सवालमा ओलीको अडानले मुलुकलाई दिशानिर्देश गरेको उनीहरुको तर्क जायज नै छ । कतिपय अवस्थामा कतिपय मानवीय कमजोरीका कारण राम्रा कुरा समेत ओझेल पर्दछन् । ओलीको सवालमा पनि यही अवस्था देखिन्छ ।

जेनजी आन्दोलनको पृष्ठभूमि, आन्तरिक र बाह्य प्रभाव जस्ता विषयका बारेमा प्रष्ट हुन आवश्यक छ । सरकारले जेनजी आन्दोलनलाई जनआन्दोलन भनेकाले एमाले जस्तो ठूलो दलको धारणा आउनुपर्छ । भदौ २३ गतेको विद्रोहका क्रममा सुरक्षाकर्मीको गोली लागेर २२ युवाको ज्यान गएको एउटा सन्दर्भ हो, अर्को २४ को विध्वंश अर्को पाटो हो । दुवैलाई एउटै डालोमा राखेर जनआन्दोलन भन्नु उचित र जायज होइन् । यो विध्वंश नियोजित थियो कि अकस्मातको आक्रोश हो ? यो प्रश्नको उत्तर खोजेपछि राजनैतिक दलहरु सही बाटोमा अघि बढ्न सक्छन् । एमाले जस्तो लामो इतिहास भएको र भूराजनैतिक जोखिम र प्रभावबारे जानकार पार्टीले पक्कै यसको छिनोफानो गर्नेछ ।

महाधिवेशनबाट ठूलो संख्यामा युवा पंक्ति ल्याउन सक्दा पार्टीमा नयाँ आशाको सञ्चार हुन सक्छ । नयाँ नेतृत्वमा युवालाई ल्याउन सक्दा पार्टीमा युवापंक्तिमो हस्तक्षेपकारी भूमिका हुनसक्छ । आगामी दिनमा युवा पंक्तिले नेतृत्व गर्ने वातावरण बन्न सक्छ । एमाले महाधिवेशनमा नेतृत्व चयनको सवाल लोकतान्त्रिक विधिबाट टुंगो लाग्दा हार्ने पक्ष पनि पार्टीमै रहने वातावरण बनाउन दुवै पक्षले ध्यान दिनुपर्छ । विगतमा कम्युनिष्ट पार्टीमा हारेपछि पुष्पलाल र केपी ओली मात्रै पार्टीमा टिकेको उदाहरण भएकाले हार्ने बित्तिकै छुट्टै घरको खोजीमा हिंड्नु अस्वभाविक काम हो ।

# राजनीति पार्टीहरू महाधिवेशनमा जुट्दै छन्, सरकार सडक थुन्दै छ



झपेन्द्र जिसी

निर्वाचनको तयारी निर्वाचन आयोगले गर्दैछ भन्ने सुनिएको छ, गरोस् । सरकारले फागुन २१ गते निर्वाचन गर्ने भनेकै छ । तयारी पनि गरेकै छ होला । तयारी गर्नु भनेको अँध्यारो कोठाभित्र बसेर गलत तानाबाना बुन्नु होइन । हुँदै होइन । त्यसैले सुशीला सरकार होशियार होऊ । छक्का पञ्जा नगर । देश त तिम्रो मात्र होइन । देश त जनताको हो ।

'काम कुरा एकातिर कुम्ला बोकी ठिमीतिर ।'

उपुर्यक्त भनाइअनुसार यहाँनेर एउटा गाउँ खाने कथाको सम्झना भयो । त्यो हो-घरतिर जाँदा वनतिर मुख, वनतिर जाँदा घरतिर मुख क्या हो ? यसको उत्तर त्यति बेला दिइन्थ्यो-बन्दुक । बडो रमाइलो हुन्थ्यो ।

जो जससँग सम्बन्धित छ मेरा प्रिय मित्रहरु !

वर्तमान सुशीला कार्की नेतृत्वको सरकार पनि त्यस्तै गर्दैछ । यो सरकार निर्वाचन प्रयोजनका लागि बनेको सरकार हो । त्यति बेला त्यस्तै भनिन्थ्यो । स्वयं प्रधानमन्त्री भएकी सुशीला कार्की नै थिइन् । तर अहिले पूर्व प्रस्तावित एजेण्डा समेत भुलेको प्रष्टै देखिन्छ ।

उनले मिति २०८२ साल मंसिर २३/२४ गते को दूर्दान्त घटना पनि भूलेकी छिन् । संविधान संशोधन गर्न भनेर मसौदा गरेर भावी सरकारलाई छोडी दिनेसमेत सम्झौता गरिन् भन्ने सार्वजनिक भएको छ । कोसँग सम्झौता भएको यो भने अज्ञात छ । संविधा नै संशोधन एजेण्डा समेतको ड्राफ्ट मस्यौदा गरेर सार्वजनिक गर्ने रे । संविधान संशोधन गर्ने अधिकार यो सरकारलाई छैन । यो सरकारको काम त मात्र निर्वाचन हो । मात्र चुनाव गराउनु नै कार्यभार हो । यो देखि बाहेक छैन अधिकार कुनै छैन । छैन अधिकार कसैलाई छैन । यो मनोनित सरकारलाई छैन । सुशीला सरकारलाई छैन । यसो गर्नु भनेको काम कुरा एकातिर कुम्लो बोकी ठिमीतिर भने जस्तै ठ्याम्मै निल्ने र ठ्याम्मै मिल्यो ! ठ्याक्कै मिल्यो ।

आजको यो लेखमार्फत् उठाउनु पर्ने धेरै विषय वस्तु धेरै छन् । प्रश्न छन् र यो सरकारले राजनीतिक पार्टी प्रणालीलाई स्वीकार गर्छ कि गर्दैन प्रम सुशीलाजीले दलीय प्रणालीलाई संस्थागत गर्न चाहन्छिन् कि चाहँदिनन् ? यो गम्भीर प्रश्न बनेको छ ।

किन ? कसरी ? कसले भनेको हो ?

किनभने मंसिर पुस र माघ महिना नेपाल देश नै राजनीतिक पार्टीहरुको राष्ट्रिय महाधिवेशन आयोजना हुँदैछन् । देश राष्ट्रिय महाधिवेशनमय बनेको छ । यो कुरा सार्वजनिक छ । नेपाल कम्युनिष्ट पार्टीले मंसिर २७, २८, २९ गतेलाई महाधिवेशन कार्यक्रम राखेको महिना एक भइसकेको छ । यो कुरा सार्वजनिक छ । आम मिडियाले यो कुरा प्रसारण र प्रकाशन गरिसकेको छ । महाधिवेशन नहोस् भनेर नहोउन् भन्न थालेको छ । किन थालेको छ, यो सरकारलाई सञ्चालन गर्ने देशी विदेशी प्रतिक्रियावादीलाई नै थाहा होला !

निर्वाचनका प्रमुख निकाय वा संस्था भनेका राजनीतिक दलहरु नै हुन् । यो सरकारलाई सञ्चालन गर्ने मलजल गर्ने ऊर्जा प्रदान गर्ने देशी विदेशी प्रतिक्रियावादी नै हुन् । नेपाल देशलाई नै विलय गर्न चाहनेहरुले नै बुझेका होलान् र बुझेका छन् । यो पंक्तिकारले जान्ने कुरा भएन ।

एमालेले मंसिर २७ गते संघीय राजधानी उपत्यकाअन्तर्गत भक्तपुरको सल्लाघारी भन्ने ठाउँमा उद्घाटन सभा गर्दैछ । उद्घाटन गर्न थालेको सार्वजनिक छ । तर यही बेला सुशीला सरकारले काठमाडु पहुँचको नाकामा दिनभरि यातायातका साधन आउन जान रोक लगाएको छ । सुनिन्छ एमाले नेता कार्यकर्ता मात्र होइन अन्य मित्र पार्टीका प्रतिनिधिहरु र आम जनसमुदाय समेत गरी ३ लाखको सेरोफेरोमा जनसागर उर्लने बुझिन्छ । तर यो सुशीला सरकारले मंसिरको चौथो हप्ताभरि नै काठमाडु धार्के खानीखोला यो क्षेत्रतिर सडक विस्तार गरिहाल्न परेको र कालोपत्र गरिहाल्न परेको हुँदा हरेक दिन यातायातको साधन बन्द गर्ने घोषणा गरेको छ । यो घोषणा सकारात्मक हो कि नकारात्मक हो ? आमजनताले बुझ्ने कुरा हो । यस्तो प्रक्रियाले यो सरकार प्रतिक्रियावादी सरकार हो भन्ने कुरा आफैंले आफैंलाई सिद्ध गर्दैछ ? प्रतिक्रियावादी सरकार आफू हो, अग्रगमनलाई रोक लगाउने सरकार आफैं हो भनेर प्रमाणित गर्दैछ । यो मिथ्या आरोप होइन । यो त उसकै कुरा हो ।

नेपाली जनताले निर्दलीयता र निरंकुशतालाई कदापि स्वीकार गर्न सक्दैनन् । निरंकुशताको प्रतिमूर्ति राजतन्त्र र उसको निर्दलीय पञ्चायतलाई ३० वर्ष लडेर २०४६ सालमा र राजतन्त्रलाई २०६२/०६३ को लोकतान्त्रिक आन्दोलनमार्फत् मिल्काएका हुन् ।

लोकतन्त्र नेपाली जनताको जीवन पद्धति हो । यो जीवन पद्धति बनिसकेको छ । बेला बखतमा लोकतान्त्रिक तौरतरिकाले कामकाज गर्दा ती कर्ताले गल्ति पनि गरेका छन् । ती कर्ताले भ्रष्टाचार पनि गरेका छन् । त्यस्ता कर्तालाई कानून बमोजिम कारबाही गरिनु पर्दछ । कारबाही भएका छन्, तर यसलाई आधार वा निउँ बनाएर लोकतन्त्रमाथि धावा बोल्ने अधिकार यो सरकार वा कसैलाई छैन । ती कर्तालाई कारबाही गरिनु पर्दछ । यसमा दुईमत हुन सक्दैन ।

धार्के, खानिखोला क्षेत्र दिउँसोमा बन्द गरिएका सडक तत्काल खोलिनु वाञ्छनीय छ । सडक, मर्मत सम्भार, कालोपत्रे विस्तार पुस लागेर गरे पनि हुन्छ । ढंग छ भने यो सुशीला कार्की र सडक विभागले यस्ता लोकतन्त्र विरोधी कदम फिर्ता लिनु उपर्युक्त हुनेछ ।

निर्वाचनलाई सुन्दर सफल र सवल बनाउन पार्टीहरुलाई अधिवेशन, महाधिवेशनहरु सफल पार्न, सरकार वा अन्य सहयोगी बन्न वाञ्छनीय छ । २/४ दिनको यो पाहुना सरकारलाई मनलागि गर्ने छुट छैन ।

अन्त्यमा निर्वाचनको तयारी निर्वाचन आयोगले गर्दैछ भन्ने सुनिएको छ, गरोस् । सरकारले फागुन २१ गते निर्वाचन गर्ने भनेकै छ । तयारी पनि गरेकै छ होला । तयारी गर्नु भनेको अँध्यारो कोठाभित्र बसेर गलत तानाबाना बुन्नु होइन । हुँदै होइन । त्यसैले सुशीला सरकार होशियार होऊ । छक्का पञ्जा नगर । देश त तिम्रो मात्र होइन । देश त जनताको हो ।

# जन्डिस भनेको के हो ? जन्डिस हुँदा के खाने, के नखाने ?



पुस्करराज जोशी

शरीरमा बिलिरुबिनको मात्रा बढ्नुलाई सामान्यत कमलपित्त वा जन्डिस (पँहेलो रोग) भनेर चिनिन्छ । जन्डिस तब हुन्छ जब रगतमा बिलिरुबिनको मात्रा अत्यधिक बढ्छ, जुन रातो रक्त कोशिकाको विघटनबाट उत्पन्न हुन्छ । सामान्य अवस्थामा, कलेजोले बिलिरुबिनलाई शरीरबाट बाहिर निकाल्छ, तर कलेजोमा कुनै समस्या भएमा, यो प्रक्रिया प्रभावित हुन्छ र रगतमा बिलिरुबिनको मात्रा बढ्न थाल्छ ।

गतमा बिलिरुबिनको मात्रा तीन मिलिग्रामभन्दा बढी भएपछि, यसले गर्दा आँखा, छाला र पिसाब पहेँलो देखिन्छ । यो कलेजो, पित्त नली, वा रगतसँग सम्बन्धित समस्याको संकेत हुन सक्छ । समयमै उपचार नगरेमा गम्भीर समस्या निम्त्याउन सक्छ। यो लक्षण कलेजोको रोग वा अन्य स्वास्थ्य समस्याहरूको संकेत हुन सक्छ । जन्डिस आफैंमा कुनै रोग होइन, यसकारण, जन्डिस देखिएमा चिकित्सकसँग परामर्श गरी यसका कारण पत्ता लगाउन र आवश्यक उपचार गर्नुपर्ने हुन्छ । जन्डिसको लक्षण देखिएमा स्वास्थ्यको स्थिति गम्भीर हुन सक्ने भएकाले समयमै उपचार आवश्यक हुन्छ ।

जण्डिस एक गम्भीर स्वास्थ्य समस्या हो जसले कलेजो र पित्त प्रणालीमा असर पुर्‍याउँछ । यस रोगका लक्षणहरु निम्न प्रकारका छन्ः

**लक्षणहरुः**

- पिसाब गाढा पहेँलो देखिनु
- आँखाको सेतो भाग,नङ र शरीरको छाला पहेँलो देखिनु
- भोक नलाग्नु, बान्ता आउनु
- शरीरमा कमजोरी महसुस हुनु, ज्वरो आउनु
- पेट दुख्नु (खासगरी पेटको दायाँ भाग)
- दिसा सेतो वा फिक्का रंगको हुनु
- शारीरिक कमजोरी हुनु जिउ गल्दै जानु ।
- वाकवाक लाग्ने र बान्ता हुने ।
- भोक नलाग्नु खाना नरुच्नु ।
- थकान र अल्छी अनुभव गर्नु ।
- ज्वरो आउने ।

जण्डिसको उपचारमा ढिला गर्नाले गम्भीर परिणाम हुन सक्छ, त्यसैले तुरुन्तै चिकित्सकको परामर्श लिनु अत्यन्तै आवश्यक छ ।

**जन्डिसबाट बच्ने उपायहरुः**

- आफ्नो आहारमा दूध समावेश गर्नुहोस् र नियमित रूपमा दूध पिउनुहोस् ।
- पर्याप्त पानी पिउनुहोस् ।
- आफ्नो आहारमा उच्च फाइबरयुक्त खानाहरू समावेश गर्नुहोस् ।
- सुरक्षित र स्वस्थ खाना र सफा पानी उपभोग गर्नुहोस् ।
- संक्रमण हुँदा चिल्लो र चिल्लो खानेकुराको सेवन नगर्नुहोस् ।
- राम्रोसँग हाइड्रेटेड रहनको लागि तरल पदार्थ पिउनुहोस् ।
- आफ्नो आहारमा कार्बोहाइड्रेट युक्त खानेकुराहरूसँगै पाचन सुधार गर्ने फलफूलहरू समावेश गर्नुहोस् ।
- रक्सी नपिउनुहोस् ।
- हेपाटाइटिस विरुद्ध खोप लिनुहोस् ।
- औषधि प्रयोग नगर्नुहोस् ।
- असुरक्षित यौन सम्पर्कबाट बच्नुहोस्।
- जण्डिस हुँदा खानपानमा विशेष ध्यान दिन आवश्यक हुन्छ ।

**खाने योग्य चीजहरूः**

१.फलफूल र तरकारीहरूः मेवा, स्याउ, खरबुजा, गाजर, चुकन्दर, र हरियो पात भएको तरकारीहरू ।

२. दाल र अन्नहरूः मुंगको दाल र भात ।

३. दही र मोहीः पाचन सुधार्नको लागि ।

४. नरिवलको पानी शरीरलाई हाइड्रेटेड राख्न ।

५. कागती पानी कलेजोलाई डिटक्स गर्न ।

६. हल्का खाना खिचडी, तरकारी, र सूप ।

७.पर्याप्त पानी पिउनु हाइड्रेटेड रहनको लागि ।

**नखाने चीजहरूः**

१. बासी, बोसा र तारेको खाना जस्तै फ्रेन्च फ्राइज, बर्गर, र पिज्जा ।

२. प्रसंस्कृत खाद्य पदार्थ जस्तै प्याकेटमा भएका स्न्याक्स, जंक फूड ।

३. मसालेदार र पिरो खाना जस्तै खुर्सानी, अचार ।

४. मासु र माछा विशेष गरी रातो मासु ।

५.कफी र मदिरा जस्तै कफी, चिया, र रक्सी ।

६. अधिक तेल र घ्यू तारिएको र अत्यधिक तेलयुक्त खाना

७. बेकरी प्रोडक्ट्स केक, पेस्ट्री, र ब्रेड ।

जन्डिस हुने प्रमुख कारणहरू

१. **हेपाटाइटिस (लिवर इन्फेक्सन)**

हेपाटाइटिस ए, बि, सि, डि, इ भाइरसहरूले कलेजोलाई असर गर्दा जन्डिस हुन्छ ।

२. **अत्यधिक अल्कोहल सेवन**

यसले कलेजोमा सिरोसिस (स्थायी क्षति) निम्त्याउँछ, जसले जन्डिस गराउँछ ।

३. **पित्त नलीमा अवरोध (ग्यास्टोन)**

ग्यालब्लाडरमा ढुंगा वा ट्यूमरका कारण पित्त नली अवरुद्ध हुँदा जन्डिस देखिन्छ ।

४. **हेमोलाइटिक एनिमिया**

जब शरीरमा रातो रक्तकोशिका छिटो टुट्न थाल्छन्, तब बिलिरुबिन अत्यधिक बन्न थाल्छ ।

५. **कुनै औषधिको दुष्प्रभाव**

पेनकिलर (जस्तै पेरासिटामोल), केही एन्टिबायोटिकले कलेजोमा असर गर्न सक्छन् ।

६. नवजात शिशुमा कलेजो पूर्ण विकसित नहुनु

नवजात शिशुहरूको कलेजो अपरिपक्व हुँदा अस्थायी जन्डिस देखिन सक्छ । यसका अतिरिक्त, नियमित रूपमा डाक्टरको परामर्श लिनु र निर्देशनहरू पालना गर्नु महत्वपूर्ण छ। उचित खानपानसँगै आराम र पर्याप्त निद्रा पनि आवश्यक छ ताकि शरीर छिट्टै ठीक होस् ।

**जण्डिसको उपचार निम्नानुसार छः**

**१. आरामः-**

शरीरलाई पर्याप्त आराम दिनु महत्वपूर्ण छ ।

**२. हाइड्रेशनः-**

प्रशस्त मात्रामा पानी पिउनु पर्दछ । यो शरीरबाट विषाक्त पदार्थहरू बाहिर निकाल्न मद्दत गर्छ ।

**३. उचित आहारः-**

स्वस्थ र सन्तुलित आहार खानु महत्त्वपूर्ण छ । ताजा फलफूल, सागसब्जी, सूप, र अन्य हल्का खाना खानु राम्रो हुन्छ । बोसो, तारेको खाना, र मसालेदार खाना कम गर्नुहोस् ।

**४. औषधिः-**

जण्डिसको कारण स्वास्थ्यकर्मी वा चिकित्सकले दिनुभयको उपयुक्त औषधि सेवान गर्ने चेक जाँच नगरि औषधि सेवन नगर्ने ।

**५. घरेलु उपचारः-**

मेथीको पातको रस, एलोवेरा जूस, चुकन्दर र गाजरको रस, निबुवा पानी आदि घरेलु उपचार पनि उपयोगी हुन सक्छ ।

**६. चिकित्सकीय परामर्शः-**

जण्डिसको कुनै पनि लक्षण देखिएमा तुरुन्तै चिकित्सकको सल्लाह लिनु पर्दछ ।

**७. अन्य उपायहरूः-** अल्कोहल सेवन नगर्नुहोस् ।

जण्डिसको उपचार आत्म-उपचार मात्र नभई चिकित्सकीय सल्लाह अनुसार गर्नु पर्छ ।

जन्डिसलाई सामान्य नठानौं । यो कलेजो, पित्त नली, वा रगतको समस्याको संकेत हुन सक्छ । प्रारम्भिक लक्षण देखिनासाथ डाक्टरको सल्लाह लिनु आवश्यक छ । स्वस्थ जीवनशैली, स्वच्छ खाना-पानी, नियमित स्वास्थ्य परीक्षण र सावधानीपूर्वक औषधि सेवन गरेर जन्डिसबाट बच्न सकिन्छ । स्वास्थ्य खबरबाट

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट



काठमाडौँ । साताको अन्तिम कारोबार दिन बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक एक दशमलव ६६ प्रतिशतले घटेर दुई हजार ६०७ दशमलव ३७ को बिन्दुमा कायम भएको हो ।

३२६ कम्पनीको ७७ लाख ६८ हजार ६०१ कित्ता शेयर ६९ हजार ७२९ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४९ करोड ७९ लाख ७९ हजार ७५६ दशमलव ५७ को कारोबार भएको नेप्सेले जनाएको छ । आजको कारोबारमा ९८ कम्पनीको शेयर मूल्य बढेको छ भने १४९ को मूल्य घट्दा ११ कम्पनी स्थिर छन् ।

बैंकिङ शून्य दशमलव १५, जीवन बिमा शून्य दशमलव १८, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९२, माइक्रोफाइनान्स शून्य दशमलव शून्य नौ, तथा व्यापार समूह शून्य दशमलव शून्य सात प्रतिशतले बढेका छन् । विकास बैंक शून्य दशमलव १९, फाइनान्स शून्य दशमलव ६५, होटल तथा पर्यटन शून्य दशमलव ५४, हाइड्रोपावर शून्य दशमलव ३६, लगानी शून्य दशमलव २९, निर्जीवन बिमा शून्य दशमव १६ र अन्य समूह शून्य दशमलव ६३ प्रतिशतले घटेका छन् ।

स्वस्तिक लघुवित्त वित्तीय संस्थान लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी आठ दशमलव ४२ प्रतिशत घटेको छ । कारोबारका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको शेयर किनबेच भएको छ ।

## जेन जी…

सरकारी/सार्वजनिक क्षेत्रको ४४ अर्ब ९३ करोड ७३ लाख रुपैयाँ बराबरको क्षति पुगेको छ।

निजी क्षेत्रको क्षतिको मूल्यांकन ३३ अर्ब ५४ करोड ८७ लाख रुपैयाँ बराबर छ। सामुदायिक तथा अन्य क्षेत्रको ५ अर्ब ९७ करोड १७ लाख रुपैयाँ बराबरको क्षति भएको छ।

सरकारी क्षतिमा तीन तहमध्ये संघीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमशः १० र २२ प्रतिशत छ। समितिले पुनर्निर्माण कार्ययोजना पनि पेस गरेको छ। पुनर्निर्माण गर्न ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँ बराबर को बजेट आवश्यक पर्ने अनुमान गरिएको छ। २७ घण्टा मात्र भएको जेनजी आन्दोलनले नेपाली कांग्रेस र नेकपा एमालेको दुई तिहाई बहुमतको बलियो सरकार सत्ताच्युत भएको थियो।

ठूलो मानवीय क्षति हुने देखेर आन्दोलनलाई सुरक्षा निक( ायले नियन्त्रणमा लिन नसक्दा प्रधानमन्त्रीसहित दलका शीर्ष नेताहरुलाई सेनाले हेलिकोप्टरमा राखेर सुरक्षित स्थानमा एक हप्तासम्म राखेर छाडेको थियो।

## भिजिट….

विशेषगरी, पासपोर्टको 'बायो पेज' र स्वघोषणा बाहेक अन्य आधारभूत कागजातहरू प्रणालीमा अभिलेखीकरण नगरी लुकाउने गरेका थिए।

२) घुसको रूपमा मोबाइल पनि लिए : बिचौलिया र ट्राभल एजेन्सी सञ्चालकसँग नियमित सेटिङ र घुस लेनदेन गरी भट्टराईले आफ्नो जिम्मेवारीसँग स्वार्थ बाझिने व्यक्तिहरू- ट्राभल एजेन्सीका सञ्चालक बालकृष्ण खड्का, दिपक भण्डारी र राम खड्का लगायतसँग नियमित सम्पर्क, भेटघाट गर्ने र उनीहरूबाट मोबाइल तथा अन्य सामान खरिद गराउने गरेका थिए।

उनले बालकृष्ण खड्कासहितको रेस्टुरेन्टमा गई 'पार्सल'को नाममा राम खड्काबाट घुसको रकम बुझ्ने गरेको र खड्काले टिपाएका यात्रुहरूको नाम आफ्नो डायरीमा टिपोट गरी त्यहीँ घुसको हिसाबकिताब राख्ने गरेका थिए।

३) पुरूषभन्दा महिलाको घुस दर बढी : निकै चलाखीपूर्वक भट्टराईले कोड भाषा प्रयोग गरी रकमको हिसाबकिताब राख्ने गरेका थिए। घुस रकम बाँडफाँटमा पनि उनले कोड भाषामै गर्थे। बिचौलियाबाट प्राप्त यात्रुहरूको नामावली, गन्तव्य मुलुक र प्रस्थान मितिलगायतका विवरणहरू डायरीमा कोड भाषामा राख्ने गरेका थिए।

उनले पुरुष यात्रुलाई ०.२ भन्ने गरेका थिए। त्यो भनेको २० हजार रुपैयाँ थियो। महिला यात्रुको कोड ०.४ थियो। यो भनेको ४० हजार रुपैयाँ थियो।

घुस लिने र केही रकम सहकर्मी यज्ञराज अर्याललाई पनि दिने गरेको अनुसन्धानबाट पुष्टि भएको छ। अध्यागमन छाप लगाउने कामलाइ 'पुक्का' भन्ने गरेका थिए। आफ्नो समूहलाई भट्टराईहरूले 'लाइन वाला' भन्ने गरेका थिए।

४) भ्रष्टाचारको रकम घरजग्गामा : घुसबाट प्राप्त रकम जग्गा कारोबारीमार्फत परिचालन गरी सम्पत्ति शुद्धीकरण गरेको प्रमाण समेत भेटिएको छ।

भट्टराईले घुसबापत प्राप्त ठूलो रकम आफ्नो नजिकका व्यक्ति कविता पौडेललाई जग्गा कारोबारी खेमप्रसाद सुवेदी मार्फत् जग्गा खरिद गराइदिने गरेका थिए।

कविताको नाममा रहेको मोबाइल सिम नै उनले अवैध रूपमा प्रयोग गरी यात्रुको नामावली आदानप्रदान गर्ने गरेका थिए। यो तथ्यको आधारमा उनीहरूमाथि सम्पत्ति शुद्धीकरण (मनी लाउन्ड्रिङ)को कसूरमा समेत मुद्दा दायर भएको छ।

५) ठगिएकाहरू जब अख्तियर पुगे : भट्टराई र अर्यालको समूहले घुस खाएर विदेश पठाएका यात्रु उतै ठगिएपछि नेपाल फर्किएका थिए।

घुस लेनदेन गरी भिजिट भिसामा विदेश पठाएका दुई सय ५७ जनामध्ये केहीले कामको लोभमा घुस दिएर विदेश पुगे पनि त्यहाँ यातना भोग्नुपरेको ठगिएको रकम पनि फिर्ता नपाएको भन्दै अख्तियारमा उजुरी दिएका थिए।

# तीनदिने तालिम समापन



बुटवल। आप्रवासी तथा उनीहरूको दम्पतिका लागि सञ्चालित एचआइभी रोकथाम कार्यक्रमअन्तर्गत आउटरिज वर्कर र कम्युनिटी वर्करका लागि तीन दिने समुदायको नेतृत्वमा एचआइभी परीक्षण तालिम बुटवलमा समापन भएको छ।

नागार्जुन डेभलपमेन्ट कम्युनिटी (एनडीसी) को आयोजना तथा ग्लोबल फण्ड र यूएनडीपी नेपालको सहकार्यमा आयोजित तालिम मंसिर २२ गतेदेखि बुटवलमा सञ्चालन भएको थियो।

समापन समारोहमा बोल्दै स्वास्थ्य कार्यालय रुपन्देहीका एचआइभी टिभि फोकल पर्सन टिकाराम अधिकारीले रुपन्देहीसहितका जिल्लाहरुमा एचआइभीको समस्या बढी हुनसक्ने बताउँदै सम्भावितहरु खोज्ने कार्य तीब्र रुपमा भएको बताए।

समुदायस्तरमा र समुदायकै नेतृत्वमा सञ्चालन गरिने एचआइभी परीक्षण कार्यक्रमले एचआइभी रोकथाममा महत्वपूर्ण योगदान पुऱ्याइरहेको भन्दै तालिम सहभागीहरूमार्फत् कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने अपेक्षा व्यक्त गरे।

एनडीसीका कार्यकारी निर्देशक जगदीशचन्द्र भट्टले लुम्बिनी प्रदेशका तराईका छ जिल्लामा प्रवासी कामदार र उनीहरूका दम्पतिका लागि एनडीसीले लामो समयदेखि एचआइभी रोकथामका कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्दै भविष्यमा थप कार्यक्रम विस्तार गरिने बताए।

उनले नेपाल सरकारले २०३० सम्म एचआइभी शून्यमा झार्ने लक्ष्यलाई सफल बनाउन सबै पक्ष एकजुट हुनुपर्ने जनाए।

तालिममा जनस्वास्थ्य प्रयोगशाला लुम्बिनी प्रदेशका मेडिकल ल्याब टेक्नोलोजिस्ट सिबेन्द्रसिंह चौधरी र वरिष्ट मेडिकल निरीक्षक जीवलाल भुसालले सहजीकरण गरेको रुपन्देही संयोजक राधा अधिकारी भट्टराईले बताइन्।

तीन दिनसम्म सञ्चालन भएको उक्त तालिममा लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा कार्यरत स्वास्थ्यकर्मीको सहभागी थिए।


## सूचना ! सूचना !! सूचना !!!

नेपाल नेत्र ज्योति संघ, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर भैरहवाद्वारा संचालित आँखा अस्पताल तथा विभिन्न आँखा उपचार केन्द्रहरुको लागि देहायका पदहरुमा करारमा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्य ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त फारम भर्न यो सूचना आह्वान गरिएको छ।

| S.N. | Designation | Req. No. | Academic Qualification | Remarks |
|---|---|---|---|---|
| 1 | Optometrist, G-3rd, Level 10(Tech.) | 1 | B. Optometrist Degree | Registered in NHPC & experience in Low Vision |
| 2 | Infection Control & Surveillance Officer, G-3rd, Level 10 (Tech.) | 1 | Bachelor in Public Health | Donor supported and only for allocated time in project basis. |
| 3 | Lab Technician NG-1st, Level 8(Tech.) | 1 | CMLT Pass | Registered in NHPC |
| 4 | Pharmacy Assistant NG-1st Level 8(Tech.) | 1 | Diploma in Pharmacy | Registered in NPC |
| 5 | Office Assistant, NG-2nd, Level-6(Non-Tech.) | 1 | 12 pass | Experience is Preferred in optical shop related works. |
| 6 | Minor OT Assistant. NG-2nd, Level-6(Tech.) | 1 | CMA Pass | Registered in NHPC |
| 7 | ENT Assistant, NG-2nd, Level-6(Tech.) | 1 | CMA Pass | Registered in NHPC |
| 8 | Office Helper, Level-1 (Non-Tech) | 1 | 10 pass | Experience is Preferred |

**सेवाको किसिम र अवधि :-**

- उम्मेदवारहरुको छनौट अन्तर्वार्ताको माध्यमबाट गरिनेछ।
- करार/कार्य सम्पादनको आधारमा करार अवधि थप गर्दै लान सकिनेछ।
- सेवा,शर्त र सुविधा नेपाल नेत्र ज्योति संघको नियमानुसार (करार सम्झौता अनुसार) हुनेछ।
- **उमेर:-** अधिकृत स्तर(अप्राविधिक) पदको लागि १८ बर्ष उमेर पुगेको र ३५ बर्ष उमेर ननाघेको,अधिकृत स्तर (प्राविधिक) पदको लागि १८ बर्ष उमेर पुगेको र ४० बर्ष (महिलाको हकमा ४५ वर्ष) उमेर ननाघेको तथा अन्य स्तरको लागि १८ बर्ष उमेर पुगेको र ३५ बर्ष र महिलाको हकमा ४० बर्ष) ननाघेको हुनुपर्ने।
- शैक्षिक योग्यताको प्रमाणपत्र,नागरिकता,वायोडाटा लगायत अन्य आवश्यक कागजातको प्रतिलिपि राखी दरखास्त पेश गर्नु पर्नेछ।
- **दरखास्त फारम शुल्क** :- अधिकृत स्तरको लागि रु.१०००/- सहायक तथा अन्य स्तर रु.५००/-
- दरखास्त फारम नेपाल नेत्र ज्योति संघ, रुपन्देही शाखाको कार्यालयबाट उपलब्ध हुनेछ।
- अन्तर्वार्ताको मिति र समय अर्को सूचनाद्धारा जानकारी गराईनेछ।

थप बिस्तृत जानकारीको लागि
**नेपाल नेत्र ज्योति संघ**
रुपन्देही शाखा फोन नं.०७१-५२४३३६



## बुद्धशान्ति साझेदारी वन उपभोक्ता समुह
रामग्राम न. पा. - १८ नवलपरासी

### गोलिया काठ लिलाम सम्वन्धमा प्रकाशित सूचना

प्रकाशन मिति २०८२/०८/२६

उपरोक्त सम्बन्धमा यस साझेदारी वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ र ०८१/०८२ मा कटान मुछान भई यस साझेदारी वन उपभोक्ता समूहको भागमा परेको साल समेत विभिन्न जातको गोलिया थान ६८४ को ५१३६.४६ क्यु. फि. लाइ लट कायम गरी तेश्रो पटक सुचना प्रकाशन र विभिन्न जातको गोलिया थान १६२ को ११७१.३ क्यु. फि. लाइ लट कायम गरी चौथो पटक सुचना प्रकाशन गरी जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम प्रकृयाद्धारा विक्री वितरण गर्नु पर्ने भएकोले ईजाजत प्राप्त फर्म/कम्पनीबाट उपरोक्त लटहरुको लागी १५ दिन भित्र तोकिएको कार्यालयबाट वोलपत्र फाराम खरिद गरी १६ औं दिनको १:०० बजे सम्म रीत पुर्वक अलग अलग लटको अलग अलग सिलबन्दि बोलपत्र पेश गर्न आह्वान गरिन्छ। विस्तृत जानकारी समूहको कार्यालयबाट प्राप्त गर्न सकिने छ।

विरेन्द्र प्रसाद चौधरी
अध्यक्ष



## Malarani Rural Municipality
Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

### Invitation for Bids

Date of publication: 12thDecember,2025 (2082/08/26)

Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods as mentioned below:

| IFB No. | Contract Name | Contract id | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date for Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Upgradation ofKhana(Deurali) - Shita-Gurasey- Karkichwokroad and premix pavement maintainance works at Tari-Arukhora Road | MRM/W/ NCB/ 2082/083/16 | 5000.00 | 5,20,000.00 | 13/01/2026 12:00 P.M (2082/09/29) |
| 2 | Procurement and supply of Miscellaneous Devices (Desktop, Laptop, Printer, Inverter) for Malarani rural municipality | MRM/G/SQ/ 2082/083/17 | 1000.00 | 37,000.00 | 29/12/2025 12:00 P.M (2082/09/14) |
| 3 | Procurement and supply of Sanitary pads for Malarani rural municipality | MRM/G/SQ/ 2082/083/18 | 1000.00 | 35,000.00 | 29/12/2025 12:00 P.M (2082/09/14) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice



## Purbakhola Rural Municipality
### Office of the Rural Municipal Executive
Purbakhola, Palpa
Lumbini Province, Nepal

### Invitation for Online Bids

**Notice**

Date of publication: 2082/08/26(12-12-2025)

Purbakhola Rural Municipality Office, Purbakhola ,Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Global IME Bank Ltd., Purbakhola Palpa
Account No.:14604010000009
Account name: AANTARIK RAJASWO KHATA PURBAKHOLA
Name of the Office: Purbakhola Rural Municipality Office, Purbakhola, Palpa
Bid Validity Period:120 days./75 Days

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| EGP/NCB/ WORKS/PRM/ 14-2082-83 | Hateya Janamarga Ma.vi. Sadak Staraunnati Yojana | 5999667.85 | 3000 | 145,000 | 2082/09/28 12.00 Pm 1:00 Pm |
| EGP/NCB/ WORKS/PRM/ 15-2082-83 | Serkabas Heklang Sadak Staraunnati Yojana | 8999155.98 | 3000 | 225,000 | 2082/09/28 12.00 Pm 1:00 Pm |
| EGP/NCB/ WORKS/SQ/ PRM-16-2082-83 | Zero dekhi Janapriya Ma.Vi. Jane Motor Bato Staraunnati yojana | 999116.69 | 1000 | 25,000 | 2082/09/13 12.00 Pm 1:00 Pm |
| EGP/NCB/ WORKS/SQ/ PRM-17-2082-83 | Aadhuro Ward Office Meeting Hall Construction Work | 699601.6 | 1000 | 18,000 | 2082/09/13 12.00 Pm 2:00 Pm |
| EGP/NCB/ WORKS/SQ/ PRM-18-2082-83 | Pallobhanjang Dekhi Ward Karyalaya jane Motor Bato Staraunnati yojana | 999884.31 | 1000 | 25,000 | 2082/09/13 12.00 Pm 2:00 Pm |
| RE-EGP/PRM/ SQ/PRM/ 19/2082-83 | Administration Building Management Construction Work | 1999969.46 | 1000 | 50,000 | 2082/09/13 12.00 Pm 2:00 Pm |
| EGP/NCB/SQ/ GOODS/PRM -20-2082-83 | Jalpa Heal post Bebasthapan tatha Staraunnati Yojana | | 1000 | 40,000 | 2082/09/13 12.00 Pm 2:00 Pm |

Chief Administrative Officer
Purbakhola Rural Municipality Office



## Pyuthan Municipality
### Office of the Municipal Executive
Bijuwar, Pyuthan

### INVITATION FOR SEALED/BIDS

Second Date of Publication: 2081/08/26 B.S 28st DEC 2025 AD)

Office of the Municipal Executive, Pyuthan Municipal (OME Pyuthan) has received grant from GON for the construction of :

| S.N. | Contract ID | Name of project | Bid security (NRs) amount | Bid doc fee |
|---|---|---|---|---|
| 1 | 08/MUN/NCB/ 2082/83/K-ROAD | Kwadichite khola jumri sadakkhanda bistar yojana | 750000 | 5000 |

1. Account No. for bid security :GA3.1PYUTHAN Na Pa Sthaniyataha Dharauti Khata Bijuwar, Pyuthan :28103000003000000001
2. Account no. for bid doc fee:GA1.1PYUTHAN Na Pa Aantarik Rajashw Khata, Bijuwar, Pyuthan :28103000001001000001
3. Interested eligible Bidders may obtain further information and inspect the bidding documents at Pyuthan Municipality Office, Pyuthan Phone No. 086-460291 or may visit E-procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp

**Chief Administrative Officer**

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८२ मंसिर २६ गते, शुक्रबार
Friday December 12, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**प्याजको बेर्ना बिक्री गर्न बसेका किसान:**
दाङको घोराही उप-महानगरपालिका-१५ स्थित ट्राफिकचोकमा प्याजको बेर्ना बिक्री गर्न बसेका किसान। देउखुरीको लमही नगरपालिका-४ सेमरहवाबाट ल्याइएको प्याजको बेर्ना घोराहीमा प्रति मुठा रु १०० का दरले बिक्री गरेको उनीहरु बताउँछन्। तस्विरः कुलदीप न्यौपाने/रासस

# रिब्दीकोटमा सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता



पाल्पा रिब्दीकोट गाउँपालिका पाल्पाले पालिकास्तरीय सातौँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरेको छ भर्खरै निर्माण सम्पन्न भएको पालिकास्तरीय कोहल खेलमैदान डुम्रिपोखरा देउरालीमा यही मंसिर २४ गते देखि २६ गतेसम्म सातौँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन भएको हो "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल नाराका साथ रिब्दीकोट गाउँपालिका शिक्षा शाखाले विभिन्न २६ वटा विधामा प्रतियोगिता सञ्चालन गरेको छ

प्रतियोगिताको गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले उद्घाटन गरेका हुन् पालिका अध्यक्ष कार्कीले खेलकुदले आफ्नो ठाउँ र राष्ट्रको पहिचान गराउने, विद्यार्थी तथा युवामा अनुशासन, आत्मविश्वास, नेतृत्व क्षमताको विकास गराउने र युवामा सकारात्मक सोच बढाउने, शरिर, मन र आत्मालाई स्वस्थ बनाउने बताए अध्यक्ष कार्कीले उपाध्यक्ष कान्ता अधिकारीको उपस्थितिमा नव निर्मित कोहल खेल मैदानको पनि औपचारिक रुपमा उद्घाटन गरेका छन् ४ करोड रुपैयाँ निर्माण सम्पन्न भएको प्याराफिटसहित खेलमैदानमा सबै किर्सिमका क्रिकेटदेखि फुटबललगायतका सबै किसिमका खेलकुद गर्न सकिन्छ

कार्यक्रममा उपाध्यक्ष कान्ता अधिकारीले प्रतियोगितामा सहभागी खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गरी जिल्ला, प्रदेश, राष्ट्र हुदै अन्तरराष्ट्रिय सम्मको उपाधि जित्ने गरी सफल हुने बताइन पालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेश भुसालले खेलकुदले विद्यार्थीको सबै किसिमको विकास गराउने भएकोले जिम्मेवार भएर गतिविधिमा सहभागी भई पालिकाको नाम उच्च स्थानमा राख्न विद्यार्थी खेलाडीलाई आग्रह गरे कार्यक्रममा गाउँपालिकाका निवर्तमान अध्यक्ष नारायणबहादुर जिसीले खेलकुद क्षेत्रलाई अझ व्यवस्थित, दिगो र प्रभावकारी बनाउन सबै पक्षबाट सहयोग सहकार्य जरुरी भएको बताए

उद्घाटन समारोहमा नेपाली कांग्रेसका अम्बरबहादुर सारु, नेकपा एमालेका विष्णुप्रसाद खनाल, नेपाली कम्युनिष्ट पार्टीका बुद्धबहादुर खाम्चा, खेलकुद विकास समितिका अध्यक्ष दिपक पचभैयालगायतले गाउँपालिकाको खेलकुद अभियानले सामाजिक एकता, सौहार्द र समुदायबिचको सम्बन्ध बलियो बनाउनेमा जोड दिए खेलकुदले गाउँपालिकाको समग्र छवि, पहिचान र सम्भावनालाई बाहिर ल्याउने भएकाले यस क्षेत्रमा लगानी बढाउनुपर्ने राजनीतिज्ञ तथा खेलप्रमीहरुले बताए शिक्षा शाखा प्रमुख टिकाराम आचार्यले विद्यार्थी तथा बालबालिकाको चौतर्फी विकासको लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता निकै महत्वपूर्ण रहेको बताए विद्यार्थीहरुमा रहेको खेलकुदका प्रतिभा बाहिर ल्याउने उपयुक्त माध्यम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता रहेको उनले जनाए

प्रतियोगिताबाट विद्यार्थी तथा युवामा अनुशासन, सहयोग र नेतृत्व क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको उनीहरुले उल्लेख गरे प्रतियोगिताको औपचारीक कार्यक्रम पालिका अध्यक्ष नारायणबहादुर कार्कीको अध्यक्षता, वडा नं. २ का वडा अध्यक्ष ओमप्रसाद पोखरेलको स्वागत र शिक्षा शाखा प्रमुख टिकाराम आचार्यको सञ्चालनमा भएको थियो

प्रतियोगितामा रिब्दीकोटमा १४ वटा माध्यमिक विद्यालयका ३ सय विद्यार्थीहरुको सहभागिता रहेको छ छात्र छात्राबिच २६ विधाका १०० मिटरदेखि ३ हजार मिटरसम्मको दौड, हाइजम्प, लङ्गजम्प, एथ्लेटिक्सका अन्य विधाहरु, भलिबललगायतका खेलकुद गतिविधि हुने पालिकाले जनाएको छ प्रतियोगितामा उत्कृष्ट खेलाडीहरु जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुनेछन् प्रत्येक विद्यार्थीलाई खेल अवधीभर एक-एक लाख रुपैयाँको बिमा गरिएको पालिकाले जनाएको छ

# गोलपार्कमा सार्वजनिक शौचालय बन्दै



बुटवल बुटवलको गोलपार्कमा सार्वजनिक शौचालय निर्माण हुने भएको छ बुटवल उप-महानगरपालिका र इनरव्हिल क्लब बुटवलको संयुक्त आयोजनामा निर्माण हुने शौचालयको एक समारोहका बिचमा शिलान्यास गरिएको हो

गोलपार्कमा निर्माणाधीन बस बिसौनी परिसरमा सार्वजनिक शौचालय निर्माण कार्यको बुटवल नगरप्रमुख खेलराज पाण्डेय, उप-प्रमुख सावित्रादेवी अर्याल र क्लब अध्यक्ष बुलबुल श्रेष्ठले भूमिपूजनमार्फत् औपचारिक रूपमा सुरु गरिएको हो

कार्यक्रममा बोल्दै नगरप्रमुख पाण्डेयले गोलपार्क क्षेत्रको बस बिसौनीमा सर्वसाधारणलाई सहज हुनेगरी स्तरीय सार्वजनिक शौचालय निर्माणको पहल थालिएको हो

उनले उप-महानगरपालिकाले शिक्षा, स्वास्थ्य, सार्वजनिक शौचालय, स्वच्छ पिउने पानीको व्यवस्था, सीप तथा रोजगारी प्रवर्धन, हरियाली विकास, सरसफाइलगायतका क्षेत्रमा विभिन्न क्लब, संघ-संस्था तथा टोल-समितिहरूसँग सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने नीति अघि सार्दै आएको जनाए

उप-प्रमुख अर्यालले उप-महानगरपालिकाले यस्ता सामुदायिक हितका कार्यक्रममा सहयोग र सहकार्यलाई निरन्तरता दिने बताउँदै अभियानमा सहभागी सबैलाई धन्यवाद व्यक्त गरिन् क्लब अध्यक्ष श्रेष्ठले उप-महानगर र क्लबको संयुक्त १० लाख लगानीमा भवन बन्न लागेको बताउँदै ४ लाख क्लवबाट सहयोग गरिएको बताइन् चारकोठे अपांगता मैत्री भवन निर्माण हुने बताउँदै उनले शौचालयको व्यवस्थापन भने बुटवल उप-महानगरले नै गर्ने बताइन्

सो अवसरमा बुटवल ३ अध्यक्ष विष्णु ढकाल, क्लबका संस्थापक अध्यक्ष बसुन्धरा कसजू, रोटरीका पास्ट प्रेसिडेन्ट बिन्द्या केशर जोशी, कार्यक्रम संयोजक क्लबका पास्ट प्रेसिडेन्ट यमुना श्रेष्ठलगायतले बोलेको कार्यक्रम सञ्चालक एवं सचिव गंगा श्रेष्ठले जानकारी दिइन्

### अन्तरविद्यालय क्रिकेटः
# जेसीज र स्पांगललाई सफलता




भैरहवा जेसीज बोर्डिङ सेकेन्डरी स्कूल र स्पांगल स्कूल भैरहवामा जारी स्वर्गीय शेरबहादुर सेञ्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत बिहीबारका खेलमा विजयी भएका छन् जेसीजले मणिमुकुन्द माविलाई ६ विकेट र स्पांगलले भैरहवा नमूना माविलाई ३४ रनले पराजित गर्दै जित निकालेका हुन्

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस सजतेर ब्याटिङ गरेको मणिमुकुन्दले ६ विकेट गुमाएर ९४ रन बनायो उसका लागि अर्पण तिमिल्सिनाले ३१ र प्रिन्स भट्टराईले १३ रन बनाए बलिङमा जेसीजका अंकित पाण्डेले २ तथा सर्ताज आलम र आमोद बस्यालले १-१ विकेट लिए

जवाफमा जेसीजले १३ ओभर २ बलमा ४ विकेटको क्षतिमा ९७ रन बनाउँदै जित हात पार्यो उसको जितमा अमृतकुमार यादवले २५, सम्राट राई र साही आलमले समान २०-२० रनको योगदान गरे बलिङमा मणिमुकुन्दका सुगम केसी, सुजन भण्डारी र विराट नेपालीले १-१ विकेट लिए अमृतकुमार यादव प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे

यस्तै, दोस्रो खेलमा टस हारेर ब्याटिङमा आएको स्पांगलले १८ ओभर ४ बलमा सबै विकेट गुमाएर १ सय ३० रन बनायो उसका लागि मैनउद्दिन खानले ३१, कृष्ण कोइरीले २३ र अविजित मल्लाहले २२ रन बनाए बलिङमा भैरहवा नमूनाका सोमनाथ चौधरीले ४ र अर्षाद अली धुनियाले ३ विकेट हात पारे

प्रतिउत्तरमा भैरहवा नमूना १५ ओभर ४ बलमा सबै विकेट गुमाउँदै जम्मा ४६ रनमा समेटियो उसका लागि मेहताब आलम र सत्यम हरिजनले १०-१० रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् बलिङमा स्पांगलका निरज कुँवर र अर्मन खानले समान ३-३ विकेट लिए अर्मन खान प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे

रुपन्देहीका ३० वटा विद्यालयको सहभागिता रहेको प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उप-विजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन् प्रतियोगिता पुस १ गतेसम्म चल्ने छ प्रतियोगितालाई पर्वत ज्वेलर्स, भैरहवाले प्रायोजन गरेको छ

# न्यू होराइजन लोकदोहोरीमा अक्सफोर्ड प्रथम

बुटवल। न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलमा लोकदोहोरी प्रतियोगिता सम्पन्न भएको छ। न्यू होराइजन स्पोर्ट्स क्लबको आयोजना, न्यू होराइजन मावि संरक्षक र बुटवल उपमहानगरपालिकाको समन्वयमा तेस्रो संस्करणको प्रतियोगिता भएको हो।

११ वटा विद्यालयका छात्र र छात्राले भाग लिएको प्रतियोगितामा अक्सफोर्ड मावि बुटवल प्रथम,एपेक्स स्कूल शंकरनगर दोस्रो, कान्ति मावि बुटवल तेस्रो र न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवल सान्त्वना भए। विजेता विद्यार्थीको टिमले क्रमशः १५ हजार, १२ हजार,९ हजार र ६ हजार नगद सहित शिल्ड र प्रमाणपत्र प्राप्त गरेका छन्।

विजयी विद्यार्थीहरुलाई विद्यालयका प्राचार्य लोकनाथ उपाध्याय,अध्यक्ष ज्ञानेन्द्र कसजू, उपाध्यक्ष निर्मल लाकौल, कोषाध्यक्ष रामेश्वर श्रेष्ठ, लोक दोहोरी गीत प्रतिष्ठानका केन्द्रीय सल्लाहकार खिमबहादुर हमाल,उपप्राचार्यहरु बालकृष्ण भण्डारी,बासुदेव अर्याल,राजीव श्रेष्ठ, न्यू होराइजन स्पोर्ट्स क्लबका अध्यक्ष चेतन ठकुरी, विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्याल, प्रतियोगिता संयोजक कल्पना कुसुम लगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए। प्रतियोगिताको उद्घाटनका अवसरमा बोल्दै प्राचार्य लोकनाथ उपाध्यायले विद्यार्थीको शैक्षिक गुणस्तर सँगै खेलकुद , साहित्य सहित सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलापलाई उत्तिकै महत्व दिएको चर्चा गर्दै नेपालीमौलिक संस्कृति संरक्षणका लागि लोक दोहोरी प्रतियागितालाई निरन्तरता दिएको बताए।

विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजुले नयाँ पुस्तालाई लोक दोहोरी गीतको इतिहास र महत्वबारे ज्ञानको कमी भएकाले त्यो बुझाउन पनि प्रतियोगिता आयोजना गरिएको र लोक दोहोरी एक प्रकारको बौद्धिक खेल भएकाले यसको संरक्षण सम्वर्द्धन प्रतियोगिताको महत्वपूर्ण भूमिका हुने बताए। कार्यक्रममा शिक्षकहरु कपिल आचार्य, मिलन राना लगायतले पनि आफ्ना भनाई राखेका थिए।

कार्यक्रममा राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठानका पुर्व अध्यक्ष चन्द्र शर्मा लगायतका कलाकारले आफ्नो प्रस्तुतिमार्फत सहभागीलाई मनोरन्जन दिलाएका थिए।

# मैनाबगर अटोभिलेजमा सरसफाइ



बुटवल बुटवल अटो इञ्जिनियरिङ एशोसिएसन, रुपन्देही लुम्बिनीले अटो भिलेज क्षेत्रमा बृहत् सरसफाइ गरेको छ अटो भिलेजलाई स्वच्छ, सुरक्षित र व्यवस्थित बनाउने उद्देश्यसहित बिहीबार वृहत् रुपमा सरसफाइ गरिएको हो

कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिका सरसफाइ शाखा प्रमुख लक्ष्मी गैरेले सरसफाइको विषय निकै संवेदनशिल भएको बताइन् उनले सरसफाइलाई निरन्तरता दिनुपर्ने बताउँदै सरसफाइ अभियानमार्फत् बुटवललाई सफा राख्न सकिने बताइन्

कार्यक्रमका प्रमुख अतिथि समेत रहेकी गैरेले मैनाबगर अटोभिलेज क्षेत्रमा सरसफाइ बढी आवश्यक रहेको बताउँदै सरसफाइ स्वास्थ्य क्षेत्रसँग पनि जोडिने भएकोले आफ्नो घर तथा व्यवसाय अगाडि सरसफाइ गर्न आग्रह गरिन्

बुटवल अटो इञ्जिनियरिङ एशोसिएसन, रुपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचन क्षेत्रीले यस क्षेत्रमा काम गर्ने तथा यहाँ बसोबास गर्नेहरुलाई फोहोरका कारणले हुनसक्ने रोगहरुबाट बचाउनको लागि सरसफाइ महत्वपूर्ण रहेको बताए सामूहिक प्रयासबाट मात्र सफाइ र व्यवस्थापनको लक्ष्य हासिल गर्न सकिने भन्दै सबै पक्षलाई साथ दिन आह्वान गरे

कार्यक्रम संयोजक दिपक पंगेनीले अटोभिलेज परिसर तथा पार्किङ क्षेत्र तथा बडि कारखाना तथा अन्य क्षेत्रहरुमा बिहान ११ बजेसम्म सरसफाइ गरिएको बताए

महासचिव पुनित पोखरेलले अटोभिलेजमा बसोबास गर्ने तथा व्यवसाय सञ्चालन गर्दै आएका सबै अटो व्यवसायी, उद्यमी तथा साथीसाथीहरूको अनिवार्य सहभागिता गराइएको बताए

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com